**नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय अन्तर्गतको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र**

**र**

**दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड बिचको**

## समझदारी पत्र

"वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र" नेपालको वन तथा वातावरण क्षेत्रमा अध्ययन/अनुसन्धान गर्दै आएको छ | वन अनुसन्धान तथा सर्वेक्षणबाट नेपालको सामाजिक आर्थिक समृद्धिमा तथा वातावरण संरक्षणमा वनक्षेत्रको योगदान अभिबृद्धि गर्न सहयोग पुर्याउने दिर्घकालिन सोच सहित केन्द्र अघि बढी रहेको छ | बिगतका वर्षहरुमा जस्तै यस आ.व. २०७५/७६ मा पनि वन तथा वातावरणका विभिन्न आयामहरु समेटी अनुसन्धान कार्यहरु जारी राखेको छ|

कम्पनी ऐन बमोजिम नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित "दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेडले" वन व्यवस्थापनबाट उत्पादन हुने काठ दाऊराको व्यवस्थित रुपमा कटान संकलन, चिरान गरी सर्वसाधारण जनतालाई आपूर्ति गर्दै आएको छ | यस संस्थाको बार्षिक कार्यक्रम २०७५/७६ मा सहकार्यमा काम गर्ने भन्ने कुरा उल्लेख गरिएको छ |

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेडबाट संचालन हुने कार्यक्रमहरुमा आवस्यकता अनुसार सहकार्य/साझेदारीमा गर्ने गरी यो समझदारी गरिएको छ।

१.रुपन्देही बुटवल योगीकुटी स्थित अनुसन्धान प्लटमा सालको वनमा संरक्षण व्यवस्थापन अनुसन्धान गर्ने ।

२. काष्ठजन्य वन पैदावारको सदुपयोग सम्बन्धि अध्ययन (अध्ययन/सर्वेक्षण/अनुसन्धान) गर्ने ।

३. प्रशिक्षण तथा अन्य अनुसन्धान कार्यहरुमा आवस्यकता अनुसार सहकार्य गर्ने ।

४. यस सहकार्य/साझेदारी पत्र कार्यान्वयनको अनुगमन वन तथा भू संरक्षण बिभागको संलग्नतामा हुनेछ ।

५. यस समझदारीको कार्यान्वयनको सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा आपसी समझदारीमा समाधान गरिनेछ। आपसमा समाधान हुन नसकेमा नेपाल सरकार वन तथा वातावरण मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

**वन अनुसन्धान तथा प्रशिक्षण केन्द तर्फबाट**

नाम: डा. दीपक कुमार खराल

पद: महानिर्देशक

सहि:

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाडौं

**साक्षी**

नाम: डा.बुद्धि सागर पौडेल

पद: उप-महानिर्देशक

सहि:

**दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड तर्फबाट**

नाम: श्री राजु लौडारी

पद: महाप्रबन्धक

सहि:

दि टिम्बर कर्पोरेशन अफ नेपाल लि.
केन्द्रीय कार्यालय, बबरमहल

**साक्षी**

नाम: श्री राम चन्द्र भट्ट

पद: विभागिय प्रमुख

सहि:

इति सम्बत २०७५ साल -माघ-२६--- गते रोज --२--------शुभम्।